दुर्गा भगवती गाउँपालिका

# स्थानीय राजपत्र

दुर्गा भगवती गाउँपालिकाद्वारा प्रकाशित

खण्ड : १, संख्या : १, मिति : २०८१/०३/३१

## भाग-१

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (१) बमोजिम दुर्गा भगवती गाउँपालिकाको गाउँ सभाले पारित गरेको ऐन सर्वसाधारणको जानकारीका लागि स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (३) बमोजिम प्रकाशन गरिएको छ ।

**वि.सं. २०८१ सालको ऐन नं. १**

# दुर्गा भगवती गाउँपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०८१

**प्रमाणीकरण मिति : २०८१।०३।३१**

**प्रस्तावना :** नेपालको संविधानको अनुसूची ८ र ९ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय तहलाई तोकिएको अधिकार क्षेत्रभित्रका विषयमा आवश्यक कानून बनाई प्रशासकीय कार्यविधि नियमित गर्न वाञ्छनीय भएकोले,

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (१) बमोजिम दुर्गा भगवती गाउँपालिकाको गाउँ सभाले यो ऐन बनाएको छ ।

१. **संक्षिप्तनाम, विस्तार र प्रारम्भ :** (१) यो ऐनको नाम "दुर्गा भगवती गाउँपालिका प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०८१" रहेको छ ।

(२) यो ऐन दुर्गा भगवती गाउँपालिका क्षेत्रभित्र तुरुन्त लागू हुनेछ ।

२. **परिभाषा :** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,

(क) "ऐन" भन्नाले दुर्गा भगवती गाउँपालिकाका प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०८१ सम्झनु पर्छ ।

(ख) "कार्यपालिका" भन्नाले दुर्गा भगवती गाउँपालिका गाउँ कार्यपालिका सम्झनु पर्छ ।

(ग) "गाउँपालिका" भन्नाले दुर्गा भगवती गाउँपालिका सम्झनु पर्छ ।
(घ) "सभा" भन्नाले संविधानको धारा २२२ बमोजिम गठन भएको दुर्गा भगवती गाउँपालिकाको गाउँ सभा सम्झनु पर्छ ।
(ङ) "संविधान" भन्नाले नेपालको संविधानलाई सम्झनु पर्छ ।

३. **नियम बनाउने अधिकार :** (१) नेपालको संविधान तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम गाउँपालिकालाई तोकिएका अधिकार क्षेत्र भित्रका विषयमा तोकिएको कार्य जिम्मेवारी निर्वाह गर्न अपनाउनु पर्ने कार्यविधि नियमित गर्नको निमित्त दुर्गा भगवती गाउँ कार्यपालिकाले आवश्यक नियम बनाउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम नियम बनाउँदा संघीय तथा प्रदेश कानून बमोजिम स्थानीय तहको क्षेत्राधिकार भित्र पर्ने विषयमा मात्र बनाउनु पर्नेछ ।

४. **निर्देशिका, कार्यविधि र मापदण्ड वनाउन सक्ने :** (१) संविधान, ऐन तथा यस ऐन अन्तरगत बनेको ऐन, नियमावलीको अधिनमा रही दुर्गा भगवती गाउँ कार्यपालिकाले आवश्यकता अनुसार निर्देशिका, कार्यविधि र मापदण्ड वनाई लागू गर्न सक्नेछ ।

आज्ञाले,
परमानन्द पाठक
नि.प्रमुख प्रशासकीय अधिकृत

रु. १०/-

दुर्गा भगवती गाउँ कार्यपालिकाको कार्यालय